आज मिति २०८३/०३/०९ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ५:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | [signature] |
| १६ | दधिराम न्यौपाने | सदस्य | [signature] |
| १७ | शिव राना | सदस्य | [signature] |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | [signature] |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | [signature] |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | [signature] |
| २२ | निलम गौतम | सदस्य | [signature] |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | [signature] |
| २४ | बसन्ती वि.क. | सदस्य | [signature] |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | [signature] |
| २७ | राधादेवी पौडेल | सदस्य | [signature] |
| २८ | यम बहादुर सुनार | सदस्य | [signature] |
| २९ | हेमा थामी | सदस्य | [signature] |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

आई प्रसाद राई - का.वा. वडाध्यक्ष - १ [signature]
गंगा कुमारी वि.क. - का.वा. वडाध्यक्ष - १२ [signature]

आमन्त्रित

पवित्रा देवी श्रेष्ठ - वडा न- ३ [signature]

## प्रस्ताव नं १७.१

मिति २०८३/०२/२८ मा बसेको नगरकार्यपालिकाको १६ औं बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

**निर्णय नं १७.१**

- आ.व.२०८३/०८४को वार्षिक नीति तथा कार्यक्रम नगरसभाको उन्नाइसौ अधिवेशनको प्रथम बैठकमा छलफलका लागि पेश गर्ने गरी सिफारिस गरिएको र उक्त नीति सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा समेत प्रकाशित भई सकेको ।
- बुटवल उपमहानगरपालिकाको सडक क्षेत्राधिकार सम्वन्धी मापदण्ड, २०८१ माथि प्रथम संशोधन गरी स्थानीय राजपत्रमा समेत प्रकाशित भई कार्यान्वयन भएको ।
- कान्ती मा.वि.मा सभाहल निर्माण गर्ने गरी योजना स्वीकृत गरिएको ।
- प्रहरी चौकी निर्माणका लागि वडा नं.१७ स्थित औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा रहेको जग्गा प्राप्तिका लागि सहमति लिन औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड काठमाडौंमा अनुरोध गर्ने गरी निर्णय लिईएको ।
- बुटवलको इतिहास देखि वर्तमानसम्मको अवस्था, महत्व र पहिचान झल्किने एक शताब्दी भन्दा अगाडि खिचिएका फोटोहरुको प्रदर्शनी गरी उक्त फोटोहरुलाई उपमहानगरपालिकाको सम्पत्तिको रुपमा सुरक्षित राख्ने गरी निर्णय लिइएको ।
- दलित समुदायको परम्परागत पेशाको प्रवर्द्धन तथा दिगोपनाको लागि आवश्यक आरन सम्वन्धी सामग्रीहरु उपलब्ध गराउनका लागि विभिन्न वडा कार्यालयहरुबाट प्राप्त हुन आएका नामावलीहरु स्वीकृत गरिएको ।
- वडा नं. १५ स्थित भाटा प्रगति टोल अन्तर्गत पर्ने करिब ४-०-० चार विगाह जग्गा परोपकार कुन्जधाम निर्माण प्रयोजनका लागि भोगाधिकार प्राप्तीका लागि आवश्यक प्रक्रियाअगाडि बढाइदिन जिल्लास्थित सिफारिस समितिमा अनुरोध गरी पठाउने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं. १७.२**

आ.व.२०८३/०८४ का लागि आम्दानी र खर्च (आय व्यय) को अनुमान बजेट माथि छलफल सम्वन्धमा ।

**निर्णय नं १७.२**

आगामी आ.व. २०८३/०८४ को लागि यस बुटवल उपमहानगरपालिकाको आम्दानी र खर्च (आय व्यय) को अनुमान र सोही बमोजिमको बजेट सीमा निर्धारण सहित थप दुई आगामी आ.व. ०८४/०८५ र ०८५/०८६ को अनुमानित वजेट प्रक्षेपण र शाखागत वार्षिक वजेट तथा कार्यक्रम सहितको देहाय बमोजिमको रु ३ अरव ८५ करोड बराबरको

वार्षिक बजेट तथा कार्यक्रम मिति २०८३।०३।१० गते दिनको १.०० बजे बस्ने नगरसभाको १९ औं अधिवेशनको तेस्रो वैठकमा उपप्रमुख श्री सावित्रादेवी अर्यालले प्रस्तुत गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स | शीर्षक | आ.व०८३/०८४को प्रस्तावित | आ.व०८४/०८५को प्रक्षेपण | आ.व०८५/०८६ को प्रक्षेपण |
|---|---|---|---|---|
| १ | आन्तरिक आय | १५०३८५९२०० | १६२१२४५१२० | १७८३३६९६३२ |
| २ | स्थानीय राजश्व बाडफाँड | ७८७७७८८०० | ८०८००००० | ८५०८००००० |
| ३ | समानीकरण अनुदान संघ | २९२२००००० | ३२१४२००००० | ३५३५६२००० |
| ४ | राजश्व वाडफाँड संघ | १९४३८६००० | २१३८२४६०० | २३५२०७०६० |
| ५ | सशर्त अनुदान संघ | ५७२९००००० | ६२९३२१००० | ६९२२५३१०० |
| ६ | समपुरक अनुदान संघ | २०००००० | १५८५१००० | १७४३६१०० |
| ७ | विशेष अनुदान संघ | ९०००००० | ३३२७५००० | ३६६०२५०० |
| ८ | समानीकरण अनुदान प्रदेश | २०३६५००० | २२४०१५०० | २४६४१६५० |
| ९ | सशर्त अनुदान प्रदेश | २२९५०००० | २८४४४६८० | ३१२८९१४८ |
| १० | विशेष अनुदान प्रदेश | -२०००००० | ५०००००० | ३०२५००० |
| ११ | समपुरक अनुदान प्रदेश | १५०००००० | १८१५०००० | १९९६५००० |
| १२ | राजश्व वाडफाँड प्रदेश | २७५६१००० | ३०३१७१०० | ३३३४८८१० |
| १३ | मौज्दात अल्या | ४०००००००० | ३५००००००० | २५०००००० |
| | जम्मा आय | ३८५००००००० । | ४०९५०००००० । | ४६६०९२२५०० । |

| आ.व.२०८३/८४ का लागि अनुमानित प्रस्तावित बजेट | | |
|---|---|---|
| | क्षेत्र | |

| | | |
|---|---|---|
| १ | स्वास्थ्य | ४५७५० |
| २ | शिक्षा | १६२४५० |
| ३ | कानुन | ४००० |
| ४ | रोजगार | ४०००० |
| ५ | विपद | ४०००० |
| ६ | पशुपन्छी विकास | १२८०० |
| ७ | कृषि | १०८०० |
| ८ | उद्योग | ४१०० |
| ९ | अनुगमन | ४००० |
| १० | सरसफाई | ३८३०० |
| ११ | पंजीकरण | ८००० |
| १२ | पर्यटन | १५००० |
| १३ | गै स स | १०००० |
| १४ | खेलकुद | ३०००० |
| १५ | प्रशासन | १२५०० |
| १६ | पूर्वाधार | ७५०००० |
| १७ | भूमी | ११५०० |
| १८ | राजश्व | २११०० |
| १९ | सूचना प्रविधि | १८००० |
| २० | भवन निर्माण महाशाखा | ८७३०० |
| २१ | जिन्सी | ३०००० |
| २२ | महिला विकास | ३५६०० |
| २३ | उपभोक्ता मार्फत संचालित | ४०००० |
| २४ | वडा सिलिङ्ग | २४१८०० |
| २५ | चालु | १६००००० |

| | | | |
|---|---|---|---|
| २६ | म्याचिङ्ग तथा पुजीगत [illegible] | | २००००० |
| २७ | उपविजेता लगायतहरु | | १७००० |
| २८ | कार्यालय भवन निर्माण सहकार्य | | १०००० |
| ३० | बिभिन्न शाखाहरुको थप कार्यक्रम | | २९०००० |
| ३१ | बिभिन्न संघसंस्था र क्लबहरुसँग ५०/५० प्रतिशत सहकार्यमा | | ३०००० |
| ३२ | सूचना प्रविधि परिचालन | | ३०००० |
| | | | ३८५०००० |

**प्रस्ताव नं १७.३**

एकल महिला अक्षयकोष स्थापना तथा संचालन निर्देशिका, २०८३ माथि छलफल एवं स्वीकृत सम्बन्धमा ।

**निर्णय नं १७.३**

कार्यालयले तयार गरी विधेयक समितिमा छलफल भई आजको वैठकमा प्रस्तुत हुन आएको एकल महिला अक्षयकोष स्थापना तथा संचालन निर्देशिका, २०८३ माथि छलफल गरियो । उल्लेखित निर्देशिका आवश्यक भएको हुदाँ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १७.४**

प्राइभेट फर्म दर्ता एवं नवीकरण सम्वन्धी कार्यविधि, २०७७ (प्रथम संशोधन) माथि संशोधन सम्वन्धमा ।

**निर्णय नं १७.४**

बुटवल उपमहानगरपालिकाको प्राइभेट फर्म दर्ता एवं नवीकरण सम्वन्धी कार्यविधि, २०७७ (प्रथम संशोधन) कार्यान्वयनको सन्दर्भमा केही दफा उपदफाहरुमा संशोधन गर्न आवश्यक भएको हुदाँ उक्त कार्यविधिमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

बुटवल उपमहानगरपालिकाको प्राइभेट फर्म दर्ता एवं नवीकरण सम्वन्धी कार्यविधि २०७७ माथि प्रथम संशोधन प्रस्ताव

| सि. नं. | दफा र उप दफा संशोधन | कार्यविधिमा भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | दफा ५ को उपदफा (१)मा संशोधन | ५ लाख रुपैयासम्म पूँजी भएको प्राइभेट फर्म दर्ता गर्दा एक हजार रुपैयाँ दर्ता दस्तुर लाग्ने छ। | १० लाख सम्म पूँजी भएको प्राईभेट फर्म दर्ता गर्न सकिनेछ। उक्त फर्म दर्ता गर्दा लाग्ने दस्तुर आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ। |
| २ | दफा को (३) पछि उपदफा (४) थप गरिएको | - | लघु घरेलु तथा साना उद्योगको रुपमा दर्ता हुने उद्योगहरुलाई प्रचलित कानून बमोजिम लाग्ने दर्ता शुल्कको पचास प्रतिशत छुट दिई दर्ता गरिनेछ। |
| ३ | दफा ६ को उपदफा २ मा संशोधन | फर्म दर्ता गर्ने, नवीकरण गर्ने, अद्यावधिक गर्ने र खारेज गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ। आवश्यक्ता अनुसार प्रमुख प्रशासकीय अधिकृले उक्त अधिकार सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ। | फर्म दर्ता गर्ने,नवीकरण गर्ने र अद्यावधिक गर्ने अधिकार वडा कार्यालयमा निहित हुनेछ। तर खारेज गर्ने अधिकार भने उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा हुनेछ। |
| ४ | अनुसूची १, ५, ७ र ८ मा सम्वोधन संशोधन | निवेदनको सम्बोधनमा प्रमुख प्रशासकीय अधिकृतज्यू रहेको | निवेदनको सम्वोधनलाई वडाअध्यक्षज्यू बनाइएको |

**प्रस्ताव नं १७.५**

प्राकृतिक श्रोत व्यवस्थापन सम्वन्धी ऐन, २०८१ (तेस्रो संशोधन) माथि संशोधन सम्वन्धमा।

**निर्णय नं १७.५**

बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी ऐन, २०८१ कार्यान्वयनको सन्दर्भमा केहीं दफा उपदफाहरुमा (तेस्रो संशोधन) संशोधन गर्नुपर्ने भएको हुदाँ देहाय बमोजिम हुने गरी संशोधनका लागि नगरसभाको १९ औं अधिवेशनको तेस्रो वैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

## प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन,२०८१ (तेस्रो संशोधन २०८३)

| क्र सं. | ऐनको परिच्छेद,दफा को उपदफा..... | भएको व्यवस्था | संशोधा वा थप गर्नका लागि प्रस्ताव |
|---|---|---|---|
| १ | ऐनको प्रस्तावना अगाडि | प्राकृतिक स्रोतलाई व्यवस्थापन गर्न बनेको विधेयक,२०८१ | प्राकृतिक स्रोतलाई व्यवस्थापन गर्न बनेको ऐन,२०८१ |
| २ | ऐनको प्रस्तावना | दोस्रो हरफको प्राकृतिक विपद पहिरो अगाडिबाट.... | दोस्रो हरफको अगाडिबाट भन्ने शब्दको सट्टा बाढीबाट भन्ने शब्द राखे |

| | | | |
|---|---|---|---|
| ३ | परिच्छेद १ दफा १ को १ उपदफा .... | यस ऐनको नाम प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन,२०८१ | यस ऐनको नाम प्राकृतिक स्रोत व्यवस्थापन ऐन,२०८१ राखी सम्बन्धी भन्ने शब्द हटाउने |
| ४ | परिच्छेद १ दफा २ को खण्ड ब | परियोजना | योजना |
| ५ | परिच्छेद २ दफा १ को खण्ड च | संकलनको विधि र प्रयोग हुने मेशीनरी औजार | संकलनको विधि |
| ६ | परिच्छेद २ दफा ५ को उपदफा ३ | सार्वजनिक सरकारी वा स्थानीय तहको जग्गामासंघ, प्रदेशस्तरीय आयोजना शुरु गर्दा आयोजना संचालन गर्ने संस्था वा व्यक्ति यस कार्यालयमा सूचिकृत हुनु पर्नेछ । | उपदफा ३ हटाउने,उपदफा ४ को ३ भन्ने अंक हटाउने उपदफा क्रम मिलाई उपदफा ६ को ३ भन्ने अंक हटाउने । |
| ७ | परिच्छेद २ को दफा ६ को | | दफा ६ को उपदफा ३ थप गर्ने<br>(३) कार्यालयबाट संचालन गरिएका योजनाको निर्माणको क्रममा उत्पादन( निस्केको) प्राकृतिक स्रोतको कार्यालयस्तर निर्णयबाट व्यवस्थापन गर्न बाधा पर्ने छैन । |
| ८ | परिच्छेद २ को दफा ७ को उपदफा ३ | कार्यादेश पाएका व्यवसायीले उत्खनन् सङ्कलन र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा प्रयोग हुने ढुवानीका साधनहरुको कागजात ठीक भएको सुनिश्चितता सहितको पत्र र साधनहरुको विवरण पेश गरेपछि अनुमति दिइनेछ । | कार्यादेश पाएका व्यवसायीले उत्खनन् सङ्कलन र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा प्रयोग हुने ढुवानीका साधनहरुको कागजात ठीक भएको सुनिश्चितता सहितको पत्रमा सवारी दरेता नं. उल्लेख गरी नवेदन पेश गरेपश्चात अनुमति दिइनेछ । |
| ९ | परिच्छेद २ को दफा ८ उपदफा १ | नदीजन्य पदार्थको संकलन र घाटगद्दी इजाजत दिनु ......... र गर्ने स्थान सम्झौतामा...... | पहिलो हरफको घाटगद्दी पछिको इजाजत भन्ने शब्दको सट्टा कार्यादेश भन्ने शब्द राख्ने । चौथो हरफको स्थान पछिको सम्झौता भन्ने शब्दको सट्टा कार्यादेश भन्ने शब्द राख्ने |
| १० | परिच्छेद २ को दफा ८ को उपदफा (८) पश्चात उपदफा (९) थप गरिएको | | दफा ८ को उपदफा ९ थप गर्ने।<br>९. सम्झौतामा उल्लेख गरेको परिमाण भन्दा बढी नदीजन्य पदार्थ नाप जाँचको क्रममा स्वीकृत परिमाण भन्दा १० प्रतिशत सम्मका लागि १० प्रतिशत थप हर्जाना सहित राजश्व असुल गर्ने र सो परिमाण भन्दा बढी उत्खनन् गरेको नापजाँच प्रतिवेदनबाट पुष्टी भएमा शत प्रतिशत थप हर्जाना सहित राजश्व असुल गर्न सकिनेछ । |
| ११ | परिच्छेद ३ को दफा १ उपदफा ९ | उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरकार्यपालिकाले गौरवका आयोजनाका हकमा घाटगद्दी नगरी तोकिए बमोजिम लैजाने अनुमति दिन सक्नेछ । | उपदफा (८) मा जुनसुकै कुरा लेखिएको .... गौरवका आयोजनाको भन्ने शब्दको सट्टा दफा ६(२) शब्द राख्ने । |
| १२ | परिच्छेद ३ को दफा १ | राष्ट्रिय गौरवका आयोजनाको लागि गरिएको उत्खनन् घाटगद्दीबाट उत्पादित मालवस्तु अन्य सरकारी वा निजी | राष्ट्रिय गौरवका आयोजनाको लागि गरिएको उत्खनन् घाटगद्दीबाट उत्पादित मालवस्तु सोही योजनामा मात्र प्रयोग |

| | | | |
|---|---|---|---|
| | उपदफा १० | प्रयोजनमा प्रयोग गर्न पाइने छैन अन्य प्रयोजनमा प्रयोग गरेको पाइएमा प्राविधिक नापजाँच गरी आर्थिक ऐनमा उल्लेखित दररेट बमोजिम हुन आउने बीगो र बीगो बमोजिम जरिवाना गरिनेछ । | गर्नुपर्नेछ अन्यथा योजनाका लागि सिफारिस गर्ने निकाय जवाफदेही हुनेछ । अन्य प्रयोजनमा प्रयोग गरेको पाइएमा प्राविधिक नापजाँच गरी आर्थिक ऐनमा उल्लेखित दररेट बमोजिम हुन आउने बीगो र बीगो बमोजिमजरिवानाका लागि सिफारिस गर्ने निकायले समेत पहल गर्नु पर्नेछ । |
| १३ | परिच्छेद ४ को दफा ११ | क ) जुनसुकै उद्देश्यले यान्त्रिक उपकरणको प्रयोग गरी नदीजन्य पदार्थ तथा निजी जग्गा उत्खनन गर्ने कार्य ।<br>ख)जमीन सम्याउने वा खेतियोग्य बनाउने कार्य।<br>ग)माछा पोखरी निमार्ण गर्नेकार्य।<br>घ)उत्खननबाट निस्कने साधारण निर्माणजन्य पदार्थ तथा खनिज पदार्थ एक स्थानबाट अर्को स्थानमा ओसार पसार गर्नेकार्य।<br>ङ)बाटो निर्माण गर्दा निस्कने प्राकृतिक स्रोत उत्खनन् गर्ने कार्य ।<br>च)ईटा निर्माण कार्य। | उपदफा १ थप गरी क्रम मिलाउने र देहाय बमोजिम संशोधन गर्ने ।<br>क ) जुनसुकै उद्देश्यले यान्त्रिक उपकरणको प्रयोग गरी नदीजन्य पदार्थ वा प्राकृतिकजन्य पदार्थ वा कुलो सरसफाई वा निजी जग्गा उत्खनन गर्ने कार्य ।<br>ख) खण्ड क बमोजिम जमिन सम्याउने वा खेतियोग्य बनाउने कार्य।<br>ग)माछा पोखरी निर्माण गर्ने कार्य।<br>घ)उत्खननबाट निस्कने साधारण निर्माणजन्य पदार्थ तथा खनिज पदार्थ एक स्थानबाट अर्को स्थानमा ओसार पसार गर्नेकार्य।<br>ङ)बाटो निर्माण गर्दा निस्कने प्राकृतिक स्रोत उत्खनन गर्ने कार्य ।<br>च)ईटा निर्माण कार्य। |
| १४ | परिच्छेद ४ को दफा ११ | | खण्ड छ थप गर्ने<br>छ) दफा १५ को उपदफा ४ का लागि अनुमतिको व्यवस्था वडा कार्यालयबाट लिनु पर्नेछ । |
| १५ | परिच्छेद ४ को दफा १४ | १क० मा माटो उत्खनन वापत प्रति घनफुट रु.२/ राजश्व लाग्नेछ ।<br>१ख० माटो तथा अन्य नदीजन्य पदार्थ ढुवानी गर्दा प्रति घन फुट रु. १।( पर्यावरण शुल्क लाग्नेछ।<br>१ग० वार्षिकरुपमा ट्याक्टर दर्ता शुल्क रु ५०००।(लाग्नेछ।<br>(ङ)वार्षिक रुपमा टिप्पर, भारी यन्त्र तथा उपकरण दर्ता शुल्क रु १२,०००।- लाग्नेछ।<br>(च) वार्षिक रुपमा ट्याक्टर, टिप्पर तथा भारी यन्त्र तथा उपकरण दर्ता शुल्क तिरी अनुमतिप्राप्त गरे पश्चात पुनः सोही साधनहरु सेवा लिन आएमा प्रत्येक पटकको लागि ट्याक्टरको रु.५००।– र अन्य भारी साधन र उपकरणको रु.२०००।– सेवा शुल्क तिर्नु पर्नेछ । | आर्थिक ऐनमा उल्लेख गरे बमोजिम हुनेछ । |
| १६ | परिच्छेद ४ को दफा १४ को उपदफा ३ | दफा १५ को उपदफा ३ मा यस /यसै कार्यविधि | दफा १५ को उपदफा ३ मा यस /यसै कार्यविधिको सट्टा ऐन भन्ने शब्द राखे । |
| १७ | परिच्छेद ४ को दफा १५ को | विक्रीको उद्देश्य नराखि कृषि प्रयोजनका लागि आफ्नै जग्गाको एकै कित्ताबाट उत्खनन गरी सोही कित्ताको | ५ कठ्ठा भन्दा कम क्षेत्रफलमा विक्रीको उद्देश्य नराखि कृषि प्रयोजनका लागि आफ्नै जग्गाको कित्ताबाट उत्खनन गरी |

| | | | |
|---|---|---|---|
| | उपदफा २ क | अर्को भाग पूर्न वा सम्याउन, आफ्नै कित्तासँगै जोडिएको आफ्नै अर्को कित्ता पूर्न, सम्याउन वा आफ्नै कित्ताबाट सोही वडाको आफ्नै अर्को कित्ताको जग्गा पूर्न वा सम्याउन सम्बन्धित वडाको सिफारिस र सोही बडाबाट अनुगमन गर्ने गरी तथा छिमेक साँध सधियारलाई प्रतिकुल असर नपर्ने गरी ५००० घनफुटसम्मको परिमाणमा रु.२,०००/- तथा ५,००० देखि १०,००० घनफुटसम्मको परिमाणमा एक मुष्ट रु. ५,०००/- शुल्क लिई अनुमति दिन सकिनेछ । सो भन्दा बढी परिमाणमा भने दफा १४ (क) र १४ (ख) बमोजिम शुल्क लाग्ने छ । | आफ्नै अर्को कित्ताको जग्गा पूर्न वा सम्याउन छिमेक साँध सधियारलाई प्रतिकुल असर नपर्ने भएको हकमा प्राविधिकको सुपरभिजनमा सम्बन्धित वडाले व्यवस्थापन गर्ने र सो को जानकारी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा गराउने गरी आर्थिक ऐनमा उल्लेख भए बमोजिम शुल्क लिई वडाबाट अनुमति दिन सकिनेछ । सो भन्दा बढी परिमाणमा भने दफा १४ (क) र १४ (ख) बमोजिम शुल्क लाग्ने छ । |
| १८ | परिच्छेद ४ को दफा १५ को उपदफा ३ | दफा १५ को उपदफा ३ मा यस /यसै कार्यविधि | दफा १५ को उपदफा ३ मा यस /यसै कार्यविधिको सट्टा ऐन भन्ने शब्द राखे । |
| १९ | परिच्छेद ४ को दफा १५ उपदफा ४ | उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कृषि सिचाई प्रयोजनका लागि कुलाको नियमित सरसफाई गर्दा निस्कने झाडी(जरा सहितको गेग्रान, हिलो माटो १५ टेक्टरटाली सम्मको परिमाणलाई सम्बन्धित कुलापानी समितिको निर्णय र सिफारिस बमोजिम प्राविधिकको रेखदेखमा वडा समितिले व्यवस्थापन गर्न सक्नेछ । | उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कृषि सिचाई प्रयोजनका लागि कुलाको नियमित सरसफाई गर्दा निस्कने झाडी(जरा सहितको गेग्रान, हिलो माटो ३० टेक्टरटाली सम्म मेशीन प्रयोग गरी श्रमदान गरी सरसफाई तथा थुप्रिएको वस्तुको परिमाणलाई सम्बन्धित कुलापानी समितिको निर्णय र सिफारिस बमोजिम प्राविधिकको रेखदेखमा वडा समितिले व्यवस्थापन गर्न सक्नेछ । |
| २० | परिच्छेद ४ को दफा १५ को उपदफा ५ | दफा १५ को उपदफा ५ मा संग भन्ने शब्द रहेको | दफा १५ को उपदफा ५ मा संग भन्ने शब्दको सट्टा संघ भन्ने शब्द राखे । |
| २१ | परिच्छेद ५ को दफा २० | दफा २० को उपदफा १ मा दफा २० ....उल्लेख भएको | दफा २० को उपदफा १ मा दफा २० को सट्टा १८ राखे |
| २२ | परिच्छेद ६ को दफा २१ | दफा २१ को उपदफा ३ खण्ड घ कार्यविधि विपरीत अवैध रुपमा माटो तथा अन्य निर्माणजन्य खनिज ( नदीजन्य समेत) पदार्थ उत्खनन् तथा ओसार पसार गरेको पाइएमा देहाय बमोजिम जरिवाना गरिने छ ।(क)<br>१. ट्याक्टर रु. १००००/-<br>२. ट्रक टिप्पर रु. २००००/-<br>३. व्याक हु लोडर/ स्क्याभेटर रु. २५०००/-<br><br>(ख ) पटकेलाई जरिवाना जरिवानाको दोब्बर रकम जरिवाना गरिनेछ । | दफा २१ को उपदफा ३ खण्ड घ ऐन विपरीत अवैध रुपमा माटो तथा अन्य निर्माणजन्य खनिज ( नदीजन्य समेत) पदार्थ उत्खनन् तथा ओसार पसार गरेको पाइएमा आर्थिक ऐनमा उल्लेख भए बमोजिम जरिवाना हुनेछ । |
| २३ | दफा १८ को उपदफा १ व | शहरी पूर्वाधार महाशाखा प्रमुख – सदस्य | शहरी पूर्वाधार शाखाका शाखा प्रमुख -सदस्य |
| २४ | दफा १८ को उपदफा १ को खण्ड व पश्चात व १ | | वातावरण इन्जिनियर सदस्य |

| | थप गरिएको | | |
|---|---|---|---|

नोट:आर्थिक ऐनमा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐनमा भएको अनुसूची बमोजिमको निवेदन वापत दस्तुर रु. १००/- लिन समावेश गर्ने ।

प्रस्ताव नं १७.६

स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्वन्धी ऐन, २०८२ (दोस्रो संशोधन) माथि संशोधन सम्वन्धमा ।

निर्णय नं १७.६

बुटवल उपमहानगरपालिकाको स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्वन्धी ऐन, २०८२ (दोस्रो संशोधन) माथि कार्यान्वयनको सन्दर्भमा केही दफा उपदफाहरुमा संशोधन गर्नुपर्ने भएको हुदाँ देहाय बमोजिम हुने गरी संशोधनका लागि नगर सभाको १९ औं अधिवेशनको तेस्रो वैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

## स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन,२०८२(दोस्रो संशोधन २०८३)

| क्र. सं. | ऐनको परिच्छेद,दफा को उपदफा.... | भएको व्यवस्था | संशोधन वा थप गर्नका लागि प्रस्ताव | कारण |
|---|---|---|---|---|
| १ | | स्थानीय सवारी साधनको व्यवस्थापनसंचालन , र नियमन गरी बजार व्यवस्थापनगर्नको लागि बनेको ऐन२०८२, | स्थानीय सवारी साधनको व्यवस्थापन संचालन र नियमन ऐन २०८२ | शब्द मिलाउनु पर्ने भएकोले । |
| २ | परिच्छेद १ दफा १ को उपदफा १ .... | यस ऐनको नाम स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन,२०८२ | यस ऐनको स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन ऐन,२०८२ राखी सम्बन्धी भन्ने शब्द हटाउने | शब्द मिलाउनु पर्ने भएकोले । |
| ३ | परिच्छेद १ दफा २ को खण्ड घ | यस ऐनको परिभाषा घ संचालन अनुमति | परिभाषामा **संचालन अनुमति**को सट्टा रुट इजाजत भन्ने शब्द राखे | शब्द मिलाउनु पर्ने भएकोले । |
| ४ | परिच्छेद १ दफा ५ | | दफा ५ मा उपदफा १० थप गर्ने ।<br>दफा ५ को उपदफा १० मा उपदफा ६ मा जेसुकै लेखिएको भए तापनि एकपटकका लागि आ.व. २०८२/०८३ सम्म एक भन्दा बढी सवारी साधन व्यक्तिको नाममा भए पनि आ.व. २०८३/०८४ मा नामसारी गरिनेछ र आ.व. २०८३/०८४ पश्चात एक स्थानीय सवारी साधन बाहेक अरु स्थानीय सवारी साधनको स्वत: रुट इजाजत खारेज हुनेछ । | म्यानुअल रिक्सा विस्थापित गरी नयाँ दर्ता गर्ने नीति बमोजिम व्यवसायीको गुनासो रहेको लगायत । |
| ५ | परिच्छेद २ दफा ८ को | वेक जाँचमा योग्य ठहरिएका स्थानीय सवारी | वेक जाँचमा योग्य ठहरिएका स्थानीय सवारी साधनको मात्र नवीकरण गरिनेछ। तर दैवि विपद वा आन्दोलनका कारण | स्थानीय सवारी वेकजाँच |

| | | | | |
|---|---|---|---|---|
| उपदफा २.... | साधनको मात्र नवीकरण गरिनेछ। | आगलागी भै कागजात नष्ट भएको अवस्थामा स्थानीय सवारी चेकजाँच नभएको अवस्थामा र नियमित नवीकरणका हकमा नवीकरण गर्न वाधा पुग्ने छैन । | नभएको अवस्थामा नवीकरण गर्न समस्या भएकोले । |
| परिच्छेद २ दफा ८ को उपदफा ३.... | वार्षिक नवीकरण... नवीकरण गरिनेछ । तेस्रो वर्ष पनि नवीकरण गर्न नआएमा इजाजत खारेज गरिनेछ । | वार्षिक नवीकरण...... नवीकरण गरिनेछ । तेस्रो वर्ष पनि नवीकरण गर्न नआएमा स्वतह: रुट इजाजत खारेज भएको मानिनेछ । | स्थानीय सवारी साधन नवीकरणमा सहजता ल्याउन । |
| परिच्छेद २ दफा ८ को उपदफा ८ ख थप | | स्थानीय सवारी धनीले सवारी साधन विक्री गरेको हकमा सवारी धनीको मृत्यु/ अंशवण्डा/ बेपत्ता/ विदेशमा भइ भौतिक रुपमा नेपालमा उपस्थित हुन नसकेको अवस्थामा पुष्टि हुने कागजात पेश भएमा रुट इजाजत नामसारी र नवीकरण गर्न वाधा पर्ने छैन ।यसरी गरिने नामसारीका हकमा सवारी चालक अनुमति पत्र नभएमा सकेसम्म परिवार भित्रको सदस्य वा अन्य व्यक्तिको हकमा सवारी अनुमति पत्र सहित निवेदन पेश भएमा कार्यालयस्तरीय निर्णयबाट नामसारी गर्न सकिनेछ । | स्थानीय सवारी साधनको रुट इजाजत र नवीकरणमा सहजता ल्याउन । |

स्ताव नं १७.७

र्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, (आर्थिक विधेयक) २०८३ माथि छलफल सम्वन्धमा ।

नर्णय नं १७.७

राजस्व परामर्श समितिको वैठकको सिफारिसका आधारमा कार्यालयबाट तयार भई पेश हुन आएको कर तथा गैरकर राजस्वका दरवन्दी सहितको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन र्न बनेको विधेयक, (आर्थिक विधेयक) २०८३ माथि दफावार छलफल गरियो । आजको ठकमा उठेका विषयहरुलाई सम्वन्धित दफा, उपदफा र बुदाहरुमा समावेश गरी उक्त आर्थिक विधेयक मिति २०८३।०३।१० गते दिनको १.०० बजे वस्ने नगरसभाको १९ औं धिवेशनको तेस्रो वैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

स्ताव नं १७.८

खर्च सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, (विनियोजन विधेयक) २०८३ माथि छलफल सम्वन्धमा ।

र्णय नं १७.८

भिन्न मितिहरुमा भएका वडा भेला, विषयगत समितिहरु र बजेट तर्जुमा समितिमा फावार छलफल गरी आजको वैठकमा प्रस्तुत हुन आएको आ.व. २०८३/०८४ का लागि स्तावित खर्च सम्वन्धी प्रस्तावलाई कार्यान्वयनगर्न बनेको विधेयक, (विनियोजन विधेयक) ०८३ माथि छलफल गरियो । आजको छलफलमा उठेका विषयहरुलाई समेत तत् तत्

दफा, उपदफा र बुदाँहरुमा समावेश गरी उक्त विनियोजन विधेयक मिति २०८३।०३।१० गते दिनको १.०० बजे वस्ने नगरसभाको १९ औं अधिवेशनको तेस्रो बैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १७.९ : विविध ।

प्रस्ताव नं १७.९.१

शिक्षक अनुदान कोटा सम्बन्धमा ।

निर्णय नं १७.९.१

चालु आ.व. २०८२/०८३ मा विद्यालयको आवश्यकतालाई मध्यनजर गर्दै नगर शिक्षक अनुदान कोटाका लागि बजेट व्यवस्थापन भएकोमा विद्यालयको माग र आवश्यकताका आधारमा तपसिलअनुसारका विद्यालयहरुलाई देहाय बमोजिम नगर शिक्षक अनुदान कोटा उपलब्ध गराउनका लागि मिति २०८३/०३/०३ मा बसेको नगरशिक्षा समितिको बैठकबाट सिफारिस भई आएको हुदा सोही बमोजिम कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

क. चालु आ.व. २०८२/०८३ मा विनियोजित कोटा

| स. | विद्यालयको नाम | कोटाको प्रकार | कोटा संख्या | कैफियत |
|---|---|---|---|---|
| | जनशक्ती नमुना भिमप्रसाद गोमता आ.वि. बुटवल-१७ | बालबिकास सहजकर्ता | १ | |
| | जनज्योति आ.वि. बुटवल-०३ | बालबिकास सहजकर्ता | १ | |
| | जनता मा.वि., बुटवल-८ | बालबिकास सहजकर्ता | १ | |
| | नरैनापुर आ.वि. बुटवल-१६ | बालबिकास सहजकर्ता | १ | |
| | नयाँगाउ मा.वि., बुटवल-१२ | बालबिकास सहजकर्ता | १ | |
| | अमर मा.वि., बुटवल- १९ | बालबिकास सहजकर्ता | १ | |
| | शहिदस्मृति आ.वि. बुटवल -११ | नि.मा.वि. अनुदान | १ | |
| | प्रगति मा.वि. बुटवल -११ | नि.मा.वि. अनुदान | १ | |
| | अमर मा.वि. बुटवल-१९ | मा.वि. अनुदान | १ | |
| ०. | तिलोत्तमा मा.वि., बुटवल-०६ | मा.वि. अनुदान | १ | |
| १. | कान्ति मा.वि. बुटवल-०४ | मा.वि. अनुदान | १ | |
| २. | नहरपुर मा.वि. बुटवल- ११ | मा.वि. अनुदान | १ | |
| ३. | कान्ति मा.वि. बुटवल-०४ | स्टाफ नर्स | १ | |
| ४. | ज्ञानोदय मा.वि. बुटवल-०५ | स्टाफ नर्स | १ | |
| ५. | सिद्धेश्वर लालकुमारी मा.वि., बुटवल-०७ | स्टाफ नर्स | १ | |
| ६. | साधना महिला विद्यालय, बुटवल-०६ | स्टाफ नर्स | १ | |
| ७. | मोतिपुर मा.वि., बुटवल-१७ | स्टाफ नर्स | १ | |

ख. आ.व. २०८१/०८२ मा दरबन्दी मिलान गर्दा सूर्योदय आ.वि. बुटवल-११ लाई प्राथमिक तहको दरबन्दी वा अनुदान कोटा १ उपलब्ध गराउने निर्णय भएकोमा स्वीकृत दरबन्दी उपलब्ध गराउन नसकिएकोले उक्त विद्यालयलाई नगर अनुदान कोटा १ उपलब्ध गराउने।

ग. आ.व. २०८१/०८२ मा श्री तिलोत्तमा माध्यमिक विद्यालय बुटवल,-०६, लाई स्टाफ नर्स अनुदान कोटा उपलब्ध गराई नियुक्ती समेत गरिएकोमा उक्त विद्यालयमा आवश्यक नदेखिएकोले सो अनुदान कोटामा नियुक्त स्टाफ नर्सलाई कोटासहित श्री नवरत्न मा.वि. बुटवल,-१५, मा स्थानान्तरण गर्ने।

**प्रस्ताव नं . १७.९.२**

नाम परिवर्तन सम्बन्धमा ।

**निर्णय नं. १७.९.२**

बुटवल उपमहानगरपालिका वडा नं. १३ अन्तर्गत संचालित विद्यालय बुटवल मदिना बोर्डिङ्ग स्कुलले आफ्नो नामको कारणले समुदायका सबै बालबालिका समेटेर शिक्षा दिन असमर्थ भएको कारण देखाई कम्पनी रजिष्टारको कार्यालय मार्फत नाम परिवर्तन गराई शुभ तारा एकेडेमी राखेको र यस कार्यालयमा नाम परिवर्तनको लागि निवेदन पेश गरेको सम्बन्धमा माग बमोजिम परिवर्तित नाम शुभतारा एकेडेमी कायम गर्नका लागि मिति २०८३/०३/०३ मा बसेको नगरशिक्षा समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरिया।

**प्रस्ताव नं. १७.९.३**

तलव भत्ता तथा सुविधा सम्बन्धमा ।

**निर्णय नं . १७.९.३**

बुटवल उपमहानगरपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत बालविकास सहजकर्ता, नगर अनुदान शिक्षक, विद्यालय कर्मचारीहरुको हाल खाईपाई आएको तलव सुविधामा आगामी आ.व. २०८३/०८४ देखि लागु हुने गरी ५ प्रतिशत वृद्धि गर्ने साथै ३ वटा सामुदायिक सिकाई केन्द्रका परिचालिकाको तलब भत्ता तथा अन्य सुविधा बालविकास सहजकर्ताको सरह गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने भनी मिति २०८३/०३/०३मा बसेको नगर शिक्षा समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी निर्णय गर्ने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्न निर्णय गरियो।

**प्रस्ताव नं. १७.९.४**

अनुमोदन सम्बन्धमा ।

**निर्णय नं . १७.९.४**

क. मिति २०८३/०२/०६ को नगर प्रमुखस्तरीय निर्णयबाट यस बुटवल उपमहानगरपालिका अन्तर्गत संचालित सिद्धार्थ गौतमबुद्ध क्याम्पसलाई शै.स.२०८३ देखि कक्षा ११ मा व्यवस्थापन समूह तर्फ कम्प्यूटर विज्ञान तथा कानून समूह तर्फ कार्यविधि कानून, सारवान

कानून र संवैधानिक कानून विषय संचालन गर्न अनुमति दिने निर्णय भएको हुँदा उक्त निर्णय अनुमोदन गरियो ।

**प्रस्ताव नं. १७.९.५**

स्रोत कक्षा सन्चालन तथा व्यवस्थापन गर्न उपयुक्त स्थानको खोजी गर्ने सम्बन्धमा ।

**निर्णय नं . १७.९.५**

बुटवल उपमहानगरपालिका वडा नं. ०३ स्थित लक्ष्मीनारायण मन्दिर परिसरमा बुटवल संरक्षक समूहद्वारा संचालित दिवा स्याहार केन्द्रमा रहेका बालवालिकाहरुको व्यवस्थापन तथा शिक्षाका लागि स्रोत कक्षा संचालन गर्न आवश्यक भएकोले यसको लागि स्रोत कक्षा संचालन तथा व्यवस्थापन गर्न उपयुक्त स्थानको खोजी गरी आ. व. २०८३/०८४ देखि कार्यान्वयन गर्ने गरी आवश्यक बजेट व्यवस्थापन गर्न नगरकार्यपालिकामा सिफारिस गर्ने भनी मिति २०८३/०३/०३ मा बसेको नगर शिक्षा समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. १७.९.६**

स्थानीय पाठ्यक्रम निशुल्क वितरण गर्ने सम्बन्धमा ।

**निर्णय नं . १७.९.६**

शै.स. २०८३ देखि कार्यान्वयन गर्न लागिएको कक्षा १-५ को परिमार्जित स्थानीय पाठ्यक्रम अनुसारको हाल छपाईको पक्रियामा रहेको परिमार्जित स्थानीय पाठ्यपुस्तक (हाम्रो बुटवल ) यस पालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयका आधारभूत तहका सबै विद्यार्थीहरुलाई नि:शुल्क वितरण गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने भनी मिति २०८३/०३/०३ मा बसेको नगर शिक्षा समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सो विषय स्वीकृत गरी अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं .१७.९.७

**योजना कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं. १७.९.७**

बुटवल उपमहानगरपालिका र श्री पन्त निर्माण सेवा, बुटवल-६, रुपन्देही बीच मिति २०८२।०३।१२ गते सम्झौता भई मिति २०८२।९।१५ गते सम्पन्न हुने गरी ठेक्का सम्झौता नं. 55/081/082/BSMC/Works/NCB अनुसार भवानी मा.वि. बुटवल - १८, जनशक्ति नमूना गोमाता आ.वि.बुटवल -१७, जितेश्वरी मा.वि.बुटवल -१३, मैनावगर आ.वि. बुटवल-११, मायादेवी जनजागृति आ.वि.बुटवल-११, तामनगर सामुदायिक सिकाई केन्द्र बुटवल-१२,

सिद्धेश्वर लालकुमारी मा.वि.बुटवल -७, सूर्योदय आ.वि.बुटवल -११, अमर मा.वि.बुटवल-१९, सरस्वती आ.वि.बुटवल -१८ र मोतीपुर मा.वि.बुटवल -१७, को विभिन्न भौतिक पूर्वाधार निर्माण कार्य संचालन एवं कार्यान्वयनका क्रममा निर्माण व्यवसयी श्री ज्ञानेन्द्र राज पन्त क्षेत्रीको मिति २०८२।०६।२० मा निधन भएको जानकारी प्राप्त भएको । उक्त ठेक्काको निर्माण व्यवसायीलाई सम्झौता बमोजिम रु.८ लाख ५० हजार रुपैया मोबिलाईजेशन पेश्की रकम उपलब्ध गराईएकोमा उक्त ठेक्काको कार्य अगाडि बढाउने गरी कोही हकवाला समेत हालसम्म सम्पर्कमा नआएको हुंदा कार्यालयबाट सम्पन्न कामको प्रगति तथा वित्तीय अवस्थाको परीक्षण गर्दा कामको प्रगति, निजको सामग्रीको मूल्याकन समेतका आधारमा उक्त मोविलाईजेशन वापत लिएको रकम समायोजन (असुली) भएको देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ (१) सम्झौताको GCC/SCC मा रहेका Termination सम्बन्धी व्यवस्था तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ५३१ को उपदफा २ (घ) को करार सम्बन्धी व्यवस्थाको आधारमा निर्माण व्यवसायी श्री पन्त निर्माण सेवा, बुटवल-६, रुपन्देहीसँग भएको ठेक्का सम्झौता अन्त्य गरी, विद्यालयमा रहेको निर्माण सामग्री सम्बन्धित विद्यालयले प्रयोग गर्ने साथै बाँकी कार्य प्रचलित सार्वजनिक खरिद कानून बमोजिम पुनः खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.९.८**

कवाडी जन्य सामग्री संकलन तथा निकासीको आयठेक्काका लागि वार्षिक न्युनतम ठेक्का अंक निर्धारण सम्बन्धमा।

**निर्णय नं. १७.९.८**

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र कवाडीजन्य सामाग्री संकलन तथा निकासीको लागि आ.व. २०८२/०८३ मा पटकपटक बोलपत्र आह्वान गर्दा समेत ठेक्का लाग्न नसकेको र आगामी आर्थिक वर्ष २०८३/०८४ र २०८४/०८५ गरी दुई आ.व.का लागि न्यूनतम ठेक्का अंक मूल्य अभिबृद्धि कर सहित वार्षिक रु ७३,९६,३२२।-(त्रिहत्तर लाख छयानब्बेहजार तीनसय बाइस रुपैंया मात्र) कायम गर्नका लागि राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

स्ताव नं. १७.९.९
आ.व. २०८३/०८४को जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा।
र्णय नं. १७.९.९
भुमि प्रशासन कार्यालय, बुटवल रुपन्देहीको मिति २०८३/03/01 च.नं. ११९५१ को पत्र मार्फत आ.व. २०८३/०८४ का लागि राजश्व प्रयोजनार्थ बुटवल उपमहानगर क्षेत्रभित्रको जग्गाको न्यूनतम मूल्याङ्कन माग भै आएको हुँदा आ.व. २०८२/०८३ मा निर्धारित न्यूनतम मूल्यलाई नै आ.व. २०८३/०८४ को लागि जग्गाको न्यूनतम मूल्याङ्कन कायम गर्ने गरी राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुनका लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. १७.९.१०
उजिरसिंह मा.वि.का सटर नं. २, ३ र ४ को न्यूनतम मासिक बहाल कायम सम्बन्धमा।
निर्णय नं. १७.९.१०
बुटवल उपमहानगरपालिका वडा नं २ स्थित उजिरसिंह मा.वि.का सटर नं. २, ३ र ४ विभिन्न कारणले हाल सटरकोठा खाली रहेकाले र बहालमा लगाउने प्रयोजनका लागि प्रति सटर न्यूनतम मासिक बहाल अंक रु.१०,०००।-(दश हजार रुपैंया मात्र) कायम गर्न राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं. १७.९.११
डेल्टा मार्टको सम्पत्ति कर सम्बन्धमा।
निर्णय नं. १७.९.११
डेल्टा एजुकेशन मार्टले बुझाउनु पर्ने सम्पत्ति करका सम्बन्धमा हालसम्म बाँकी हुन आउने बक्यौता सम्पत्ति करमा आगलागी भएको मिति २०८१/०३/०६ गते पश्चातको आर्थिक वर्ष २०८१/०८२ र २०८२/०८३ को प्रहरी मुचुल्काको आधारमा आगलागीमा जलेको भवनको सम्पत्ति कर मात्र छुट गरिदिनका लागि राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १७.९.१२

सरकारी र सार्वजनिक जग्गामा बनेका भवन संरचनाहरुको सम्बन्धमा ।

निर्णय नं. १७.९.१२

बुटवल उपमहानगरपालिकाको मुख्य बजार क्षेत्रका सरकारी, सार्वजनिक, सडक, कुलो र नाली अतिक्रमण गरी अनाधिकृत रुपमा निर्माण गरिरहेका संरचनाहरु खाली गराउने सन्दर्भमा मिति २०८३/०१/३१ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं १३.८.१ बमोजिम गठित कार्यदलका अन्य सदस्य यथावत रहने र सम्बन्धित वडाका वडाध्यक्षहरु संयोजक रहने गरी वडा नं. ९ भित्रको ६ फुटको कुलो र मिलनचोक देखि लुम्बिनी वाणिज्य क्याम्पस रोड (वडा नं ९-११) सीमासम्मका स्थायी / अस्थायी घर टहरा र वडा नं.७ स्थित सिद्धेश्वर खेल मैदानको किनारमा रहेका बसोवासीहरुको सम्बन्धमा पनि रेखाङ्कन गरी सोही अनुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिंदै नगरप्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।